"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"
सूर्योदय नगरपालिका
SURYODAYA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल
Fikkal, Ilam, Koshi Province, Nepal

प.सं. ०७९/०८०/प्रशासन
च.नं.

मिति: २०८०/०१/१५

## लम्पी स्किन डिजिज सम्बन्धी अत्यन्त जरुरी सूचना !

सूर्योदय नगरपालिका क्षेत्रभित्र पशु चौपायाहरूमा लम्पी स्किन डिजिज महामारीको रुपमा फैलिएको छ । यस रोगले पशु चौपायाहरूमा ज्वरो आउने, खान छोड्ने, शरीरका विभिन्न भागहरूमा गाठागुठी निस्कने, फोकाहरू निस्कने, खुट्टा सुन्निने, दुध सुक्ने जस्ता लक्षणहरू देखा पर्दछन् । यस रोग नियन्त्तणका लागि प्रत्येक वडा कार्यालयमा पशुसेवा प्राविधिकहरू खटाइएको छ । आफ्ना पशु चौपायाहरूमा माथि उल्लिखित लक्षणहरू देखिएमा मात्र पशुसेवा प्राविधिकहरूसँग सम्पर्क गरी यस महामारीको घडिमा आवश्यक सेवा लिनुहुन अनुरोध छ । कतिपय स्थानमा कृषकहरूले खटिएका पशु सेवा प्राविधिकहरूलाई हप्काउने, गाली गलौज गर्ने जस्ता व्यवहार भएको गुनासो प्राप्त भएको हुँदा प्राविधिक कर्मचारीहरूको मनोवल गिराउने नभई उच्च मनोवलका साथ विपद्को अवस्थाको सामना गर्नका लागि आवश्यक सहजीकरण गरी निजहरूको गुणस्तरीय सेवा लिनहुन सम्पूर्ण नगरवासीहरूमा अनुरोध गरिन्छ । साथै कतिपय व्यक्ति तथा व्यवसायीहरूले यो विपद्को घडिमा अनुचित फाइदा लिने अभिप्रायले भ्रामक प्रचार प्रसार गरी ३ दिनमै रोग निको हुन्छ भनी औषधि तथा इन्जेक्सनहरू बिक्री गरेको भन्ने बुझिन आएको हुँदा यस्ता गलत क्रियाकलापहरू नगर्न नगराउनुहुन जानकारी गराइन्छ । अन्यथा कानुन बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ । सम्पूर्ण नगरवासी कृषकहरू यस्तो भ्रामक प्रचारका पछाडि नलागिदिनुहुन तथा यो रोगको प्रभावकारी उपचार हालसम्म पत्ता नलागेको तथा औषधि प्रयोग पश्चात पनि रोग निको हुन १५ देखि २० दिनसम्म लाग्न सक्ने अध्ययनहरूले देखाएको समेत जानकारी गराइन्छ । यस विपद्को घडिमा भ्रामक अफवाह फैलाउने भन्दा पनि सबैको सहकार्य र समन्वयमा प्रतिकूल अवस्थाको सामना गरी रोग निवारणमा सहयोगका लागि सबै सरोकारवालाहरूलाई सूचित गरिन्छ ।

२०८०/०१/१६

निमित्त प्रमुख प्रशासकीय अधिकृत